# उत्तरगया गाउँपालिका खेलकुद सम्बन्धी कार्यविधि,२०७९

प्रस्तावनाः

खेलकुदको माध्यमबाट समाजमा अनुशासन कायम राख्न, स्वस्थ नागरिक तयार गर्न, बस्ती (समाज) सफा राख्न, धुम्रपान,मद्यपान र लागु पदार्थ सेवन तथा छाडा संस्कृतिबाट युवाहरूलाई बचाउन,देशको सार्वभौमिकता रक्षा गर्न र स्वस्थ प्रतिस्पर्धाको भावना जागृतगराई परिश्रम र परिवर्तनप्रति सचेत नागरिक बनाउन,राष्ट्रिय,अन्तर्राष्ट्रिय क्षेत्रमा ख्याति कमाउने उद्देश्यका साथ उत्तरगया गाउपालिका पालिका खेलकुद विकास समिति मार्फत विभिन्न गतिविधिहरू गर्नको लागि आगमी दिनहरूमा अझ व्यवस्थित रूपमा कार्यक्रम संचालन गर्न आवश्यक नीति नियमको व्यवस्था गर्न वाञ्छनीय भएको हुँदा उत्तरगया गाउँपालिका खेलकुदसम्बन्धी कार्यविधि २०७९ बनाईएको छ ।

परिच्छेद–१

१. संक्षिप्त नाम र प्रारम्भ

१.१ यो कार्यविधिको नाम "उत्तरगया गाउँपालिका, खेलकुद सम्बन्धी कार्यविधि २०७९रहनेछ ।

१.२ यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

२.१ "कार्यविधि" भन्नाले "उत्तरगया गाउपालिका, खेलकुद सम्बन्धिको कार्यविधि २०७९" भन्ने सम्झनुपर्छ ।

२.२ "अध्यक्ष" भन्नाले उत्तरगया गाउँपालिका पालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

२.३ "कार्यपालिका" भन्नाले उत्तरगया गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनुपर्छ ।

२.२ "खेलकुद समिति" भन्नाले उत्तरगया गाउँपालिकाबाट गठित खेलकुद विकास समिति भन्ने सम्झनु पर्छ ।

२.३ "खेलकुद विकास समिति" भन्नाले उत्तरगया गाउँपालिकाबाट गठित उत्तरगया खेलकुद विकास समिति भन्ने सम्झनु पर्छ ।

२.४ "टिम, क्लब, संघ, संस्था" भन्नाले उत्तरगया गाउँपालिकामा तोकिए बमोजिम दर्ता भएका गाउँपालिका क्षेत्र भित्रका टिम, क्लब र संघसंस्थाहरू भन्ने सम्झनु पर्छ ।

२.५ "खेलाडी" भन्नाले टिम, क्लव संघसंस्था सम्बद्ध खेलाडी भन्ने सम्झनुपर्छ ।

२.६ "प्रशिक्षार्थी" भन्नाले उत्तरगया गाउँपालिकाबाट सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, टिम, क्लव संघ संस्थामा सम्बद्ध सिकारू खेलाडी भन्ने सम्झनु पर्छ ।

माधवप्रसाद अर्याल
अध्यक्ष

२.७ "प्रशिक्षक" भन्नाले उत्तरगया गाउँपालिकाद्वारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षक, टिम, क्लब संघ संस्था खेल प्रशिक्षण समितिमा सम्बद्ध विषयगत खेलकुद प्रशिक्षक भन्ने सम्झनु पर्छ ।

२.८ "प्रशिक्षण समिति" भन्नाले पालिका खेलकुद विकास समितिअन्तर्गत उत्तरगया गाउँपालिकाक्षेत्रभित्र विषयगत खेल प्रशिक्षणका लागि गठित समिति भन्ने सम्झनु पर्छ ।

२.९ "खेलकुद विकास कोष" भन्नाले उत्तरगया गाउँपालिका खेलकुद विकास कोष भन्ने सम्झनु पर्छ ।

२.१० "खेलाडी विवरण" भन्नाले टिम, क्लब, संघ संस्थाहरूले आफ्नो टिम, क्लब,संघ संस्थामा आबद्ध भनी प्रमाणित गरी गाउँपालिका पेश गरेको विवरण भन्ने सम्झनु पर्छ ।

२.११. "खेलकुद पदाधिकारी" भन्नाले खेलकुदसम्बद्ध समिति, वडा समितिका पदाधिकारी भन्ने सम्झनु पर्छ ।

## परिच्छेद – २

खेलकुद विकास समितिका उद्देश्यहरु

३.१ गाउँपालिकाको कला, संस्कृति र खेलकुदको विकास र प्रतिष्ठा वृद्धि खेलकुदको माध्यमले सहयोग पुर्‍याउने,

३.२ गाउँपालिकभित्रको खेलकुद प्रतियोगिता सञ्चालन गर्न तथा सम्बद्ध खेल प्रशिक्षण निकायका बीच समन्वय गरी खेल विकास गर्न सहयोगगर्ने,

३.३ स्वस्थ प्रतिस्पर्धाको भावना जागृतगराई देशभक्त, स्वाभिमाना, समाजप्रति उत्तरदायी, अनुशासित, परिश्रमी, नैतिकवान, जागरुक र परिवर्तनप्रति सचेत नागरिक तयार गर्ने,

३.४ टोल, गल्ली, चोक र सडक आदिलाई स्वच्छ र सफाराख्न खेलकुद संघसंस्थालाई परिचालन गर्ने ।

३.५ खेलकुदको माध्यमबाट गाउँपालिकावासीहरुलाई नागरिक भावनाप्रति सचेत गराउने,

३.६ खेलकुदमा महिला सहभागिता अभिवृद्धि गर्न प्रोत्साहन गर्ने,

३.७ खेलकुद विकासको निम्ति भौतिक पूर्वाधारहरू तयार गर्न विभिन्न सामाजिक संस्था, विद्यालय र सरकारी निकायहरुलाई पनि सरिक गराउने,

३.८ खेलकुद गतिविधिहरूलाई संस्थागतरूपमा विकास गर्दै लैजाने,

३.९ बौद्धिकश्रम गर्ने विद्यार्थी, शिक्षक र बुद्धिजीवीहरुलाई समेत शारीरिक व्यायाम खेलकुदको व्यवस्था गर्न सहयोग पुर्याउने,

३.१० उत्तरगया गाउँपालिकाबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सक्ने योग्य खेलाडीहरु उत्पादन गर्नुका साथै अन्तर्राष्ट्रिय क्षेत्रमा समेत देशको प्रतिष्ठा बढाउने,

माधवप्रसाद अर्याल
अध्यक्ष

उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा
बागमती प्रदेश नेपाल
२०७३

३.११ टिम, क्लब, संघ संस्था, विषयगत खेलशिक्षण समिति, वडास्तरीय खेलकुद समितिहरूको व्यवस्थापन गर्ने गराउने,

३.१२ गाउँपालिका अन्तर्गतका शैक्षिक संस्थाहरुमा खेलकुद प्रशिक्षकहरूको व्यवस्था गर्न प्रोत्साहन गर्ने ।

३.१३ गाउँपालिका भित्र हुने जुनसुकै खेल सञ्चालन र सहजिकरणमा आबस्यक सहयोग गर्ने ।

३.१४ प्रदेश खेलकुद परिषद र राष्ट्रिय खेलकुद परिषदसंग आवश्यक समन्वय गर्ने ।

## परिच्छेद – ३

### गाउँपालिका खेलकुद विकास समितिको गठन र बैठक कार्यविधि

४. उत्तरगया गाउँपालिकाको संरक्षकत्वमा देहाय बमोजिमको पदाधिकारी रहने तथा गाउँपालिका अध्यक्ष संरक्षक रहने गरी खेलकुद विकास समिति गठन गर्न सकिनेछ ।

४.१ सामाजिक विकास समितिको संयोजक- संयोजक

४.२ गाउँपालिका अध्यक्षद्वारा मनोनित गाउँपालिकावासी खेलप्रेमी – सह-संयोजक

४.३ खेलकुदको क्षेत्रमा सक्रिय व्यक्ति,गाउँपालिकामा खेलकुद क्षेत्रमा दखखल राख्ने कर्मचारी, सामाजिक काममा सक्रिय समाजसेवी गाउँपालिकाबासी मध्ये गाउँपालिका अध्यक्षबाट मनोनित १ जना महिला सहित ४ जना –सदस्य

४.४ गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाका शाखा प्रमुख वा शाखाको कर्मचारी– सदस्य सचिव

४.५ वडा समिति संयोजक आमन्त्रित सदस्य रहने,

५. खेलकुद विकास समितिको पदावधि गठन भएको मितिले ३ वर्षको हुनेछ ।

६. खेलकुद विकास समितिको बैठक कम्तिमा ३महिनाको एक पटक बस्नेछ । आवश्यकता अनुसार थप बैठक बस्न सक्नेछ ।

७. बैठकको संयोजकत्व र निर्णय कार्यान्वयनको मुख्य उत्तरदायित्व संयोजकको हुनेछ ।

८. सदस्य सचिवले पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय किताबको सुरक्षा गर्ने र संयोजकको आदेशानुसार बैठकको लागि आवश्यक विषय सूची र सामाग्री जुटाउने छ ।

९. बैठक सञ्चालन सम्बन्धी आवश्यक काम गर्ने सदस्य सचिवको मुख्य जिम्मेवारी हुनेछ ।

१० सह–संयोजकले कार्यकारिणी कार्यको लागि संयोजकलाई प्रत्यक्षरुपमा सघाउने छन ।

माधवप्रसाद अर्याल
अध्यक्ष

११आवश्यकता अनुसार विभिन्न खेलकुदमा जानकार व्यक्तिहरुलाई वैठकमा आमन्त्रण गर्न सकिने छ ।

## परिच्छेद –४

### खेलकुद प्रतियोगिता व्यवस्थापन

११. खेलकुद विकास समिति आफैले वा गाउँपालिकामा दर्ता भएका टिम, क्लवहरू मार्फत विभिन्न खेलकुद प्रतियोगिता संचालन गर्न वा गराउन सक्ने छ ।

१२. खेलकुद विकास समिति आफै वा गाउँपालिका भित्रका टिम, क्लव मार्फत राष्ट्रिय र अन्तर्राष्ट्रिय टिमसंग मैत्रीपुर्ण खेलकुदको आयोजना गर्ने, गराउन सक्नेछ ।

१३. खेलकुद विकास समितिले आवश्यकता अनुसार विज्ञसँग सल्लाह गर्न सक्नेछ ।

१४. खेलकुद विकास समिति अन्तर्गतका प्रशिक्षकहरुलाई स्तरीकरण गर्ने तालिमको व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद –५

### गाउँपालिका क्षेत्रभित्रका टिम, क्लव र संघ संस्था खेलाडीहरूको दर्ता र व्यवस्थापन

१५. उत्तरगया गाउँपालिका भित्र रहेका टिम, क्लव, समिति र संस्था आदिले खेलकुद विकास समितिको उद्देश्य नीति, नियमलाई पालना गरी खेलकुद विकास गर्न चाहेमा तोकिएको शुल्क वुझाइ अनुसुची -१ बमोजिम फाराम मार्फत दर्ता गराउनुपर्नेछ ।साथै हरेक आर्थिक वर्षको पहिलो महिनामा आवद्धता अध्यावधिक समेत गर्नुपर्नेछ ।खेलकुद विकास समितिको वैठकले आवद्धता शुल्क सिफारिस गर्नेछ । उक्त शुल्क गाउँ कार्यपालिकाको निर्णयानुसार लागु हुने छ ।तर कुनै खेल विशेषको लागि समितिले तोक्न सक्ने छ ।

१६. गाउँपालिका भित्रका खेलाडीहरूले अनुसुची-२ बमोजिमको फाराम प्रयोग गरी अभिलेखीकरण हुनुपर्नेछ ।

१७. आवद्ध भएका सामाजिक संस्था, टिम र क्लव जुनसुकै प्रतियोगिता गर्नु भन्दा अगाडि खेलकुद विकास समितिबाट स्वीकृति लिनु पर्नेछ ।

१८. आवद्धता गर्नुभन्दा पहिले खेलकुद विकास समितिबाट सम्बन्धित ठाँउमा निरीक्षण गर्न सक्नेछ ।

१९. खेलकुद विकास समितिमा आवद्ध भएका टिम, क्लव, संध, संस्थाहरूले खेलकुद विकास समितिको उद्देश्य अनुसार खेलकुद प्रतियोगिता संचालन गर्न सहयोग माग गरेंको खण्डमा आयोजक समितिलाई १५ हजारसम्म आर्थिक सहयोगको लागि गाउँपालिकामा सिफारिस गर्न सक्नेछ ।

१९.१खेलकुद विकास समिति अन्तर्गत प्रत्येक वडामा खेलकुद समितिगठन गर्न प्राथमिकता दिइने छ ।

१९.१.१ वडा खेलकुद समितिको देहाय बमोजिमका पदाधिकारीहरू रहने गरी गठन हुनुपर्नेछ ।

(क) वडाध्यक्ष वा वडाध्यक्षले तोकेको वडा समिति सदस्य –वडा संयोजक

(ख) खेलकुदको क्षेत्रमा सक्रिय व्यक्ति, सामाजिक काममा सक्रिय समाजसेवी वडावासीमध्ये वडा समितिवाट मनोनित १ जना महिला सहित ३ जना –सदस्य

(ग) वडा सचिव - सदस्य सचिव

यस वडा समितिको पदावधी खेलकुद विकास समिति समाप्त भए पश्चात स्वतः समाप्त हुनेछ र अर्को खेलकुद विकास समिति गठन भएपछि पुनः गठन गर्नुपर्नेछ ।

६. वडा खेलकुद समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ ।

७. बैठकको संयोजकत्व, निर्णय कार्यान्वयनको मुख्य उत्तरदायित्व संयोजकको हुनेछ ।

८. सदस्य सचिवले पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय किताबको सुरक्षा गर्ने र संयोजकको आदेशानुसार बैठकको लागि आवश्यक विषय सूची र सामाग्री जुटाउने छ ।

९. बैठक संचालन सम्बन्धी आवश्यक काम गर्ने सदस्य सचिवको मुख्य जिम्मेवारी हुनेछ ।

११. आवश्यकता अनुसार विभिन्न खेलकुदमा जानकार व्यक्तिहरुलाई वैठकमा आमन्त्रण गर्न सकिने छ ।

## परिच्छेद – ६

### खेलकुद्ग गोष्ठी, सभा, कार्यक्रम व्यवस्थापन

२०. गाउँपालिकाले राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलाडी, प्रशिक्षक र टिमहरूलाई स्वागत कार्यक्रम गर्न सक्नेछ ।

२१. खेलकुद विकासको लागि सभा, सम्मेलन, गोष्ठी गर्ने वा गराउन सक्नेछ ।

२२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तराष्ट्रिय प्रतियोगिताहरूमा सहभागी भएका खेलाडी वा प्रशिक्षकको सम्मानमा बधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्नसक्नेछ ।

२३. उत्तरगया गाउँपालिकाको कला, संस्कृति र खेलकुद विकासको लागि आवश्यकता अनुसार टिम, क्लव, संघ संस्थाका प्रतिनिधिहरुको बैठक बोलाउन सक्नेछ ।

माधवप्रसाद अर्याल
अध्यक्ष

उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा
बागमती प्रदेश नेपाल
२०७३

## परिच्छेद –७

खेलकुद प्रतियोगिताको व्यवस्थापन

२४.अन्तर गाउँपालिका लगायत विभिन्न प्रादेशिक,राष्ट्रिय,अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा उत्तरगयागाउँपालिका पालिका टिम, क्लब, संघ संस्था वा विद्यालयकलेजलाई सहभागीगराउन सक्नेछ ।

२५. गाउँपालिकाले निर्णयगरे बमोजिम सहभागी हुन जाने टिमका खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई सुविधाको लागिं सिफारिस गर्न सक्नेछ ।

२६. खेल पर्यटन अभिवृद्धिको साथै गाउँपालिकाको पहिचान बढाउन गाउँपालिका भित्र हुने राष्ट्रपति रनिङ शिल्डलगायत विभन्न खेलकुदको आयोजना एवं संयोजन गर्नेछ ।

## परिच्छेद –८

तालिम तथा प्रशिक्षण व्यवस्थापन

२७. उत्तरगया गाउँपालिकाले खेलकुद विकास र खेलाडीको स्तरवृद्धि गर्नको लागि आवश्यकता अनुसार विभिन्न खेलहरूको तालिम र प्रशिक्षण दिनेछ ।

२८. प्रशिक्षार्थीहरु प्रशिक्षणमा समावेश हुन खेलकुद विकास समितिका प्रतिनिधि र वडाध्यक्षको सिफारिस सहित आवेदन दिनु पर्नेछ ।

## परिच्छेद –९

खेलकुद विकास कोषको व्यवस्था

२९. खेलकुद सम्बन्धी तालिम, प्रशिक्षण, प्रतियोगिता लगायतका क्रियाकलापका उत्तरगया गाउँपालिकामा खेलकुद विकास कोषको व्यवस्था गरिनेछ ।

३०. कोषका श्रोतहरू देहाय बमोजिम हुनेछन् ।

३१.१ नेपाल सरकार,राष्ट्रिय खेलकुद परिषद, प्रदेश, खेलकुद परिषद, जिल्ला खेलकुद विकास समिति र राष्ट्रिय/अन्तर्राष्ट्रिय संस्था वा कुनै व्यक्ति/संस्थाबाट प्राप्त हुन सक्ने रकम,

३१.२ विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएको रकम,

३१.३. खेल प्रशिक्षण अवधिभर उठेको आवेदन शुल्क, मासिक प्रशिक्षण शुल्क र भर्ना रकम,

३१.४ गाउँपालिका भित्रका टिम, क्लव आवद्धता आवेदन शुल्क, अध्यावधिक शुल्क,फाराम शुल्क,

माधवप्रसाद अर्याल
अध्यक्ष

३१.५ गाउँपालिकाले खेलकुदको लागि विनियोजन गरेको रकम ।

३२. यस कोषको संचालन पालिका खेलकुद विकास समितिद्वारा तयार गरी उत्तरगया गाउँ कार्यपालिकाद्वारा अनुमोदन गरे बमोजिम हुनेछ ।

३३. अनुमोदन भएको कोष , खेलकुद विकास समितिको संयोजक र सदस्य सचिवको सयुक्त हस्ताक्षरमा कोष सञ्चालन हुनेछ ।

परिच्छेद – १०

निर्माण तथा मर्मत

३४. कुनै खेल प्रशिक्षणमा प्रयोग हुने सामानहरूको सामान्य जडान तथा मर्मत गर्न सम्बन्धित प्रशिक्षकले नै व्यवस्था गर्नु पर्नेछ ।

३५. विशेष तरिकाले मर्मत गर्न सम्बन्धित प्राविधिक कहाँ लानु पर्ने भएमा खेलकुद विकास समितिको सदस्य-सचिवको माग अनुसार समितिको सिफारिसमा गाउँपालिकाले मर्मत संभार गर्नेछ ।

३६. खेलकुद भवन, मैदान आदिको व्यवस्था गर्न वडा खेलकुद समितिले खेलकुद विकास समिति मार्फत उत्तरगया गाउँपालिकालाई अनुरोध गर्नेछ ।

परिच्छेद – ११

विषयगत खेल प्रशिक्षण समितिको व्यवस्था

३७. खेलकुद विकास समितिको मातहतमारहने गरी खेल प्रशिक्षण, सैद्धान्तिक कक्षा संचालन र दक्ष अनुशासित खेलाडी तयार गर्ने कार्यमा सम्बन्धित खेल प्रशिक्षकहरुलाई आवश्यक निर्देशन, सल्लाह रसहयोग् गर्न आवश्यकता अनुसार विषयगत खेलप्रशिक्षण समिति गठन गर्न सकिने छ ।

३७.१ यस समितिले विषयगत खेलप्रशिक्षण,संचालन, रेखदेख,निरीक्षण, नियन्त्रण र व्यवस्थापन गर्नेछ ।

३७.२ यस समितिले सम्बन्धित खेलकुदप्रति जनमानसको आकर्षण बढाउने कार्य गर्नेछ ।

३७.३ प्रशिक्षणको लागि आवश्यक निमार्णका लागी भौतिक एवं आर्थिक सहयोग जुटाउन मद्दत गर्नेछ ।

माधवप्रसाद अर्याल
अध्यक्ष

उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा
बागमती प्रदेश नेपाल
२०७३

३७.४ प्रशिक्षण केन्द्रबाट संचालन हुने प्रतियोगिता,गोष्ठी र कक्षासंचालनमा सहयोगगर्नेछ ।

## परिच्छेद – १२

### अनुशासनको कारवाही, दण्ड, सजाय र पुरस्कार

३८. अनुशासनको कारवाही खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापक समेतले विषयगत खेलको आचारसंहिता लगायत खेल अनुशासनमा रहनु पर्नेछ । कसैले अनुशासन र आचारसंहिताको उल्लङ्घन गरेमा, देहाय बमोजिमको आचरण वा कार्य गरेमा प्रशिक्षण समितिको निर्णय अनुसार अनुशासनको कारवाही गर्न सक्नेछ ।

३८.१ खेलकुद विकास समिति र त्यस अन्तर्गतका समिति, समितिको बदनाम (अहित) हुने कार्य गरेमा ।

३८.२ समितिको नीति, नियम, निर्देशन र निर्णय विपरित कार्य गरेमा ।

३८.३ गोप्यता भंग गरेमा ।

३८.४ अनैतिक कार्यमा संलग्न रहेको जानकारी पाएमा ।

३८.५ अनुमति विना अन्य संस्थासँग संलग्न रही खेलकुद कृयाकलाप गरेमा ।

## परिच्छेद – १३

### विविध

३९. खेलकुद विकास समितिबाट प्रशिक्षण र प्रतियोगिता संचालन गर्न कुनै विशेष सामान, भवन र जग्गा भाडामा लिन सक्नेछ । तर सो भाडाको लाग्ने रकम सुनिश्चित भएको हुनु पर्ने छ ।

४०. प्रशिक्षक र प्रतियोगिता समयमा कुनै खेलाडीलाई सामान्य चोटपटक भएमा खेलकुद विकास समितिको कोषबाट खर्च गरिनेछ तर सख्त बिरामी, चोटपटक भएमा गाउँकार्यपालिकाको निर्णय अनुसार औषधी उपचार गराइने छ । निर्णयभन्दा बढी रकम खर्च गर्नुपरेमा खेलाडी स्वयं जिम्मेवारी हुनेछ ।

४१. कुनै पनि नीति नियम वा यस अन्तरगत आर्थिक सहयोग, सुविधा तथा शुल्कको सवालमा समय र परिस्थिति अनुसार थपघट वा संसोधन गर्नु परेमा खेलकुद विकास समितिको सिफारिसमा कार्यपालिकाको वैठकले आवश्यक निर्णय गर्न सक्नेछ ।

माधवप्रसाद अर्याल
अध्यक्ष

उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा
बागमती प्रदेश नेपाल
२०७३

४२. खेलकुद प्रतियोगिताको सिलसिलामा कुनै खेलाडी प्रशिक्षक वा व्यवस्थापक घाइते भई शरीरको कुनै अङ्ग अपाङ्ग भएमा वा त्यस्ता व्यक्तिको परिवारलाई प्रोत्साहन स्वरुप आर्थिक सहयोग गर्न खेलकुद विकास समितिले गाउँ कार्यपालिकामा सिफारिस गर्नेछ । खेलकुद प्रतियोगितामा भाग लिने प्रशिक्षक, खेलाडी र व्यवस्थापकको आवधिक विमाको व्यवस्था खेलकुद विकास समितिले आफ्नै कोष मार्फत समेत गर्ने सक्नेछ ।

४३. यस कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

नायवप्रसाद अर्याल
अध्यक्ष